२०८३ साउन २१ गते

## प्रेस विज्ञप्ति

## अन्तर्राष्ट्रिय मानवअधिकार संस्थालाई होइन, न्यायपालिकामाथि हस्तक्षेपको आरोपबारे सरकारलाई जवाफदेही बनाऊ

अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरू एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइटस वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्टस (आईसीजे) ले २०८३ साउन ८ गते जारी गरेको संयुक्त वक्तव्यका सन्दर्भमा "जानकारी लिन" ती संस्थाका प्रतिनिधिहरूसँग सङ्घीय संसद्को प्रतिनिधि सभा अन्तर्गतको कानून, न्याय तथा मानव अधिकार समितिले २०८३ साउन २० गते आयोजना गरेको बैठकले उक्त संस्थाहरूसँग स्पष्टीकरण माग गर्न  महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेका सूचनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

संसदीय समितिले २०८३ साउन ८ गते उल्लेखित मानव अधिकार संस्थाहरूले जारी गरेको संयुक्त वक्तव्यमा नेपाल सरकारका पछिल्ला गतिविधिका कारण न्यायपालिकाको स्वतन्त्रता जोखिममा परेको तथा सर्वोच्च अदालतका बहालवाला वरिष्ठ न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाललाई राजीनामा दिन दबाब दिइएको वा महाभियोगको धम्की दिइएको भन्ने विश्वसनीय जानकारी प्राप्त भएको उल्लेख गरिएको थियो ।

संसदीय समितिको जिम्मेवारी आधारभूत रूपमा सरकारलाई जवाफदेही बनाउनु हो । मानव अधिकारवादी संस्थाहरूले न्यायपालिकाको स्वतन्त्रतामाथि हस्तक्षेप भएकोजस्ता गम्भीर आरोप उठाएपछि संसदीय समितिको पहिलो दायित्व आरोप उठाउने संस्थासँग स्पष्टीकरण माग्नु कदापि उचित होइन । समितिको मुख्य दायित्व वक्तव्यमा उठाइएको आरोपको विषयमा सरकारसँग सत्यतथ्य र स्पष्ट जवाफको माग गर्नु हुने गर्दछ ।

नेपालको संविधानको धारा ९७ तथा प्रतिनिधिसभा नियमावली, २०८३ को नियम १७३ बमोजिम संसदीय समितिहरूको मूल भूमिका सङ्घीय संसदको कार्यसम्पादनमा सहयोग पुऱ्याउनु, सरकार तथा सम्बन्धित राज्य निकायका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गर्नु तथा सरकारलाई संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउनु हो । संसदीय समितिलाई 'मिनी पार्लियामेन्ट ' भनिनुको आधार पनि कार्यपालिकामाथि निरन्तर रूपमा प्रभावकारी संसदीय निगरानी राख्नु हो । यसैगरी कानून, न्याय तथा मानव अधिकार समितिको कार्यादेश सरकारका गतिविधिहरूमाथि प्रश्न उठाउने स्वतन्त्र अन्तर्राष्ट्रिय मानव अधिकार संस्थालाई संसदीय नियन्त्रण वा जवाफदेहिताको दायरामा ल्याउने अधिकारका रूपमा व्याख्या गर्न मिल्दैन ।

एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइटस वाच र आईसीजे नेपाल सरकारका निकाय होइनन् ।  ती नेपालको संसद्बाट स्थापित, सञ्चालित वा नियन्त्रित संस्था पनि होइनन् र नेपालको संसद्प्रति संस्थागत रूपमा उत्तरदायी छैनन् । मानव अधिकार, कानुनी शासन र न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी राज्यका गतिविधिको अनुगमन गर्नु तथा आवश्यक पर्दा सार्वजनिक रूपमा सवालहरू उठाउनु उनीहरूको स्वतन्त्र अन्तराष्ट्रिय भूमिकाको अभिन्न हिस्सा हो ।

सरकार वा संसदलाई अन्तर्राष्ट्रिय संस्थाहरूको निष्कर्षसँग असहमत हुने र तथ्य, प्रमाण तथा कानुनी आधारमा त्यसको खण्डन गर्ने पूर्ण अधिकार छ । तर, आलोचनाको जवाफ आलोचकलाई स्पष्टीकरण मागेर वा संसदीय शक्तिको प्रयोग गरी दबाब दिन खोज्नु लोकतान्त्रिक अभ्यास होइन । आलोचनालाई नियन्त्रण होइन, तथ्य र प्रमाणका आधारमा उत्तर दिनुपर्छ । न्यायपालिकामाथि हस्तक्षेप भएको आरोपलाई अस्वीकार वा आलोचकलाई प्रतिरक्षात्मक अवस्थामा पुऱ्याएर होइन, निष्पक्ष, पारदर्शी र विश्वसनीय रूपमा परीक्षण गर्नुपर्छ ।

समितिले अन्तर्राष्ट्रिय संस्थासँग स्पष्टीकरण माग्न निर्देशन दिनुअघि सरकारसँग सर्वोच्च अदालतका बहालवाला न्यायाधीशहरूलाई राजीनामा दिन दबाब दिइएको र महाभियोगको धम्की वा सम्भावनालाई राजनीतिक दबाबको माध्यम बनाइएको हो वा होइन भन्ने स्पष्ट र सार्वजनिक जवाफ माग्नुपर्थ्यो । यदि यी आरोप असत्य हुन् भने सरकारको आधिकारिक, तथ्यपरक र प्रमाणमा आधारित खण्डन माग गर्नु पर्छ । सरकारमाथि यति गम्भीर प्रश्न उठिसक्दा सरकार मौन रहने तर संसदीय समिति आलोचना गर्ने संस्थासँग स्पष्टिकरण माग्न सक्रिय हुनु संसदीय उत्तरदायित्वको मूल उद्देश्यविपरीत छ । सरकारमाथि उठेको प्रश्नको उत्तर संसद् र जनतासमक्ष सरकारले दिनुपर्छ—प्रश्न उठाउने संस्थालाई कठघरामा उभ्याएर होइन । संसद सरकारलाई जवाफदेही बनाउनका लागि हो—सरकारमाथि प्रश्न उठाउने स्वतन्त्र मानव अधिकार संस्थालाई जवाफदेही बनाउनका लागि होइन ।

हामी सरकारसँग न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी उठेका गम्भीर प्रश्नमा तत्काल स्पष्ट, तथ्यपरक र सार्वजनिक धारणा प्रस्तुत गर्न माग गर्दछौँ । साथै, कानून, न्याय तथा मानव अधिकार समितिलाई आफ्नो संवैधानिक तथा नियमावलीगत म्यान्डेटअनुसार सरकार र सम्बन्धित राज्य निकायलाई उत्तरदायी बनाउने, न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गर्ने तथा उठेका आरोपको निष्पक्ष, पारदर्शी र तथ्यमा आधारित परीक्षण सुनिश्चित गर्ने भूमिकामा केन्द्रित रहन आग्रह गर्दछौँ ।

संसदीय समितिको अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग स्पष्टीकरण माग गर्ने निर्णयले नेपालको संविधानको धारा १७ (क) को विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकको उल्लंघन गर्दछ । उक्त कार्यले मानव अधिकार विश्वव्यापी घोषणापत्र र नेपाल राज्य पक्ष  रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धिको धारा १९ को अभिव्यक्ति स्वतन्त्रताको अधिकारको समेत बर्खिलाप भएको हाम्रो ठहर छ ।

सुशील प्याकुरेल
चरण प्रसाई
सुबोधराज प्याकुरेल
डा. गोपालकृष्ण सिवाकोटी
डा. दिनेश त्रिपाठी
राजु चापागाई
इन्दु तुलाधर
विजयराज गौतम
शोभाकर बुढाथोकी
डा. विद्या चापागाई
सोम निरौला
विकास बस्नेत
सुशील विके
गोपी पराजुली
कपिल अर्याल
विश्वास नेपाली
भगवती अधिकारी
विष्णु श्रीपाली
मोनिका निरौला
रेखा श्रेष्ठ
बालकुमारी दर्लामी
भक्त विश्वकर्मा
नीतु पोखरेल
श्यामकुमारी साह
सिर्जना पुनमगर
लुभराज न्यौपाने
अभयराज जोशी
धनबहादुर मिजार
अभिषेक अधिकारी